# ४२औँ पर्यटक प्रहरी दिवस

आर्थिक संवाददाता
काठमाडौं, माघ १२

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको प्रमुख आतिथ्यमा ४२औँ पर्यटक प्रहरी दिवस, २०७७ नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपमा सोमबार आयोजित एक समारोहबीच सम्पन्न भएको छ ।

समारोहमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले पर्यटकप्रति सबैको समान दृष्टिकोण र सदावहार हुनुपर्ने उल्लेख गरे । कतिपय तथ्यलाई आमबुझाइमा बुझिदियो भने त्यो उचित हुन्छ तर त्यही कुरालाई बौद्धिक दृष्टिकोणले हेरिदियो भने कहिलेकाहीँ बुझाइ फरक हुन सक्ने उल्लेख गर्दै उनले भने, 'सबै पर्यटकलाई अतिथि देव भवः अनुसार व्यवहार गर्नुपर्छ ।'

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरीको मनोबललाई अझ उच्च बनाउनको लागि स्थानीय तहबाट सकारात्मक अपेक्षा तथा सुझावको आवश्यकता रहेको उल्लेख गरे । आगामी दिनमा पर्यटक प्रहरीलाई आवश्यकताअनुसार दक्ष बनाउँदै लैजाने प्रतिबद्धता उनले व्यक्त गरे । नेपाललाई सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न पर्यटनसँग आबद्ध सबै सरोकारवाला निकायहरूको भूमिका उत्तिकै महत्वपूर्ण रहेको चर्चा गर्दै पर्यटकीय स्थलहरूलाई कम प्रदूषित बनाउनको निम्ति चालिने कदमप्रति सबैको चासो हुनुपर्नेमा उनले जोड दिए ।

उक्त समारोहमा पर्यटन विभागका महानिर्देशक रूद्रसिंह तामाङले धन्यवाद ज्ञापन गर्दै नेपाललाई सुरक्षित पर्यटक गन्तव्यको रूपमा विकास गर्दै लैजानको लागि सबै सरोकारवाला निकायसँग हातेमालो गर्दै अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो । उक्त अवसरमा नेपाल पर्यटन वोर्डका कार्यकारी निर्देशक डा. धनञ्जय रेग्मी, पर्यटनविद् डा. आलोक प्रसाई र ट्रेकिङ एजेन्सीज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष खुम बहादुर सुवेदीले शुभकामना मन्तव्य व्यक्त गर्दै पर्यटक प्रहरीले निर्वाह गरेको भूमिकाबारे चर्चा गरे । पर्यटक प्रहरी इकाइ भृकुटीमण्डपका प्रमुख प्रहरी उपरीक्षक विकासराज खनालले स्वागतमन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा प्रहरी निरीक्षक चन्द्र किशोर साहले पर्यटक प्रहरीसम्बन्धी प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, अध्यागमन विभागका महानिर्देशक, वरिष्ठ प्रहरी अधिकृतहरू लगायत पर्यटन क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

## शैक्षिकसत्र...

मन्त्रालयले कानुनी परामर्श गरिरहेको छ । यसअघि वि.सं. २०७२ मा गएको विनाशकारी भूकम्पका समयमा अति प्रभावित १४ जिल्लाका कक्षा १० का विद्यार्थीलाई स्थानान्तरण गराएर परीक्षा दिलाइएको थियो ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालका अध्यक्ष कृष्ण थापाले कोरोना महामारीका कारण प्रभावित शैक्षिक सत्रलाई अवधि थपेर व्यवस्थापन गर्ने तयारी सकारात्मक रहेको बताए । उनले आफूहरूले नेपाल शिक्षक महासङ्घलगायतसँगको सहकार्यमा सिकाइ निरन्तरता अभियान सञ्चालन गरिरहेको र विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि पहल भइरहेको जानकारी दिए ।

सरकारले वैकल्पिक प्रणालीको सिकाइलाई शैक्षिक सत्रमा गणना गराउने गरी भदौ १९ गते 'विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७' जारी गरेको थियो । कोरोना महामारीको जोखिम बढिरहेकाले विद्यालय खुल्न नसकेको स्थिति र अन्य प्राकृति विपत्तिमा पनि यस प्रकारको वैकल्पिक सिकाइलाई मान्यता दिने गरी निर्देशिका जारी भएको हो ।

निर्देशिकासँगै चालू शैक्षिक सत्रमा विद्यार्थी अभिलेखीकरण (भर्ना), तथ्याङ्क सङ्कलन, निजी विद्यालयमा स्थानीय तहले तोकेबमोजिमको शुल्क लिन, पाठ्यभार सङ्कुचन गरी मूल्याङ्कनको विधि लागू गर्न स्थानीय तह र सम्बन्धित विद्यालयलाई सहज हुनेछ । सो अघि शिक्षा ऐन, नवौँ संशोधन (२०२८) को दफा १९ 'क'को अधिकार प्रयोग गरी गत जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी भई गत असार १ गतेदेखि वैकल्पिक प्रणालीको सिकाइ अनिवार्य कार्यान्वयन गरिएको थियो

विषम स्थितिमा पनि विद्यार्थीको पढ्न पाउने अधिकारबाट वञ्चित हुन हुँदैन भन्ने मान्यतालाई आत्मसात् गरी सिकाइ उपलब्धि हासिल गर्ने र विद्यालयमा बालबालिकालाई परिवेशअनुकूल सिक्ने वातावरण सिर्जना गर्ने निर्देशिकामा उल्लेख छ ।

## सुमार्गीको...

पुगेको थियो । अदालतमा पुगेको त्यही विवादमा सर्वोच्च अदालतले राष्ट्र बैंकलाई पेलेर मुक्तिश्री सिमेन्टका मालिक अजेयराज सुमार्गी पराजुलीलाई चोख्याउने गरी फैसला र महिना महिनामा त्यससम्बन्धी विवरण पठाउन राष्ट्र बैंकलाई आदेश गरेको हो ।

## प्रत्यक्ष...

पाँचवटा सूचना तथा प्रविधिजन्य, आठवटा उत्पादनजन्य, ३१ वटा सेवाजन्य र ७६ वटा पर्यटनजन्य उद्योग स्थापनाका लागि गरेका हुन् । उद्योग स्थापनासँगै लगानीकर्ताहरूले तीन हजार चार सय ८० जनालाई रोजगारी दिने समेत बताएका छन् ।

यस्तै गत आवको सोही समयमा लगानीकर्ताहरूले ४२ करोड कृषि तथा वनजन्य, ११ अर्ब ८२ करोड २६ लाख ऊर्जाजन्य, नौ अर्ब ९७ करोड ३३ लाख सूचना तथा प्रविधिजन्य, दुई अर्ब ९३ करोड ३५ लाख उत्पादनजन्य, सात अर्ब ३१ करोड ३० लाख सेवाजन्य र आठ अर्ब २२ करोड ३२ लाख पर्यटनजन्य उद्योगमा लगानी गर्ने बताएका थिए । उनीहरूले उक्त लगानी प्रतिबद्धता तीनवटा कृषि तथा वनजन्य, पाँचवटा ऊर्जाजन्य, २५ वटा सूचना तथा प्रविधिजन्य, १९ वटा उत्पादनजन्य, ३८ वटा सेवाजन्य र ६० वटा पर्यटनजन्य उद्योगमा लगानी गर्ने प्रतिबद्धता जनाएका थिए भने सात हजार आठ सय ६९ जनालाई रोजगारी दिने समेत बताएका थिए ।

यस्तै यसअघिका वर्षमा भने उद्योग स्थापनाका लागि प्रतिबद्धता आउने गरेको भए पनि रकम नभित्रिने समस्या रहेकोमा अब भने त्यसो नहुने विभागका अधिकारीहरू बताउँछन् । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ कार्यान्वयनमा आएसँगै विभागबाट लगानी स्वीकृत गराएको एक वर्षभित्र एफडीआई ल्याउनुपर्ने व्यवस्थाले गर्दा आगामी दिनमा लगानी स्वीकृतिसँगै रकम समेत भित्रिने विभागका सूचना अधिकारी ज्ञानेन्द्र पराजुलीले बताए ।

नियमावलीअनुरूप उद्योगमा विदेशी लगानी भएमा एक वर्षको समयसीमाभित्र पाँचदेखि २५ प्रतिशतसम्म लगानी रकम भित्र्याउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ जसले गर्दा विदेशी लगानीकर्ताहरूले लगानी स्वीकृत गराएसँगै लगानी भित्र्याउनुपर्ने हुन्छ । नियमावलीअनुरूप विदेशी लगानीअन्तर्गत पाँच करोड लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको २५ प्रतिशत, पाँच करोडभन्दा माथि २५ करोडसम्म लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको १५ प्रतिशत, २५ करोडभन्दा माथि एक अर्बसम्म लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको १० प्रतिशत र एक अर्बभन्दा माथि लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको पाँच प्रतिशत रकम एक वर्षको समयसीमामा भित्र्याउनुपर्ने हुन्छ ।

### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

कुलानन्द पुरीको नाति शिव लाल पुरीको छोरा मिना कुमारी पुरी भन्ने मिन कुमारी क्षेत्रीको पति गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका वडा नं.०५ (साविक वम्घा गा.वि.स.वडा नं.०५) बस्ने, यस बैंकको रानिवास शाखाका खातावाला खिमलाल पुरी भन्ने खिम वहादुर क्षेत्रीको मिति २०७७०७०९ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. १२७०१३६१८८१०००१२ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका वडा नं.०५ (साविक वम्घा गा.वि.स.वडा नं.०५) बस्ने मिना कुमारी पुरी भन्ने मिन कुमारी क्षेत्रीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय : रानिवास
फोन नं. ०७९-४१००५७/४१००८४

### ग्लोबल आइएमई बैंक लि.

सभागृहचोक पोखरा शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी **डिलमाया गुरुङ्**को मिति २०७७/०९/२३ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमान बन्द सिं गुरुङ्गले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/१०/०२ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, सभागृहचोक पोखरामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### ग्लोबल आइएमई बैंक लि.

शंखमुल शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **खगेन्द्र जबेगु**को मिति २०७७/०७/१६ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको छोरा ओरिङ जबेगुले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०९/२० मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, शंखमुलमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### ग्लोबल आइएमई बैंक लि.

बनस्थली शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **बाबुराम पाण्डे**को मिति २०७७/०२/१४ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको आमा सिता देवि पाण्डेले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०३/२९ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, बनस्थलीमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### ग्लोबल आइएमई बैंक लि.

नारायणगढ शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी **सुन्दरी वाग्ले**को मिति २०७७/०७/०६ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको छोरा सुजन वाग्लेले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०८/०८ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, नारायणगढमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### निक्षेप हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मितिः २०७७/१०/१३)

काले मगरको नाति, कृष्ण बहादुर मगरको छोरा, मिनाकुमारी राना मगरको पति, स्थायी ठेगाना चितवन जिल्ला, मेघौली गा.वि.स वडा नं ०८ भई (हाल : भरतपुर म.न.पा वडा नं १५ चितवन) बस्ने चन्द्र बहादुर मगरको मिति २०७७/०९/१८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मंगलपुर शाखामा रहेको बचत खाता नं. १६८००७४८९९७००००१ चल्ती खाता न.१६८००७४८९९७००००२ र मुद्धती खाता न.१६८००७४८९९७००००४ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय मंगलपुर, भरतपुर, चितवनमा हकदाबी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनामार्फत् जानकारी गराउँदछौ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मंगलपुर, भरतपुर, चितवन ,फो.न.: ०५६-५९१७१३

### शेयर हकदावी सम्बन्धि सूचना

यस कम्पनीमा शेयर रजिष्ट्रार भएको निम्न बैंक/बित्तिय संस्था तथा कम्पनीका शेयरधनीहरुको सक्कल प्रमाणपत्र हराएको हुँदा प्रतिलिपी प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी निवेदन पेश गरेको हुँदा सो प्रमाणपत्र माथी कोही कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण सहित सम्बन्धित बैंक/बित्तिय संस्था तथा कम्पनीको कार्यालय वा शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि., सुन्धारा ,काठमाण्डौंमा निवेदन दिनु हुन अनुरोध गरिन्छ। अन्यथा उक्त शेयर सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन पछि निजहरुको नाममा प्रतिलिपी शेयर प्रमाणपत्र जारी गरीने व्यहोरा सम्बन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरीएको छ।

**कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड (CORBL) (शेयर प्रमाणपत्र हराएको)**

| सि.नं | शेयरधनिको नाम | शेयर प्रमाणपत्र नं. | शेयरधनी | शेयर कित्ता |
|---|---|---|---|---|
| १ | योगेस श्रेष्ठ | १४५०,२८५२,५५५१,५५५५,६३७६,६३७७, ६३७८,६३८४,६६१८,७८३३,७८४५,७९८५,८११० | ९९८८ | ७५० |
| २ | सन्जय पोखरेल | २३९९,२४०५,२४०७,३३४६,४७१६,६२१३, ६२१४,७५७३,७५७५ | ९९९४ | ४९० |

शेयर रजिष्ट्रारः
सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.
Estd. 2008
6th Floor, CTC Mall, Sundhara, Kathmandu
Tel. 4262303, 4261251
Email : ccm@civilcapital.com.np
website : www.civilcapitalmarket.com.np
CIVIL BANK LTD.

### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

लोकनाथ भण्डारीको नाति नवराज भण्डारीको छोरा काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका.वडा नं.०३ (साविक इचंगुनारायण गा.वि.स वडा नं.०४) बस्ने, यस बैंकको स्वयम्भु शाखाका खातावाला टेक प्रसाद भण्डारीको मिति २०७७०३१९ मा मृत्यु भएकोले यस बैंकमा रहेको निजको बचत खाता नं. ०४०००३३८०११०००११ मा भएको रकम पाउँ भनी निज खातावालाको छोरा, काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका.वडा नं.०३ (साविक इचंगुनारायण गा.वि.स वडा नं.०४) बस्ने शम्भु प्रसाद भण्डारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : स्वयम्भु
फोन नं.०१-५२४७२४३, फ्याक्स:०१-४०३३५८५

### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

बृद्दी प्रसाद कोइरालाको नाति दुर्गा प्रसाद कोईरालाको छोरा रिता कुमारी पोखरेलको पति मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वाड नं.१७ स्थायी ठेगाना भई हाल बुढीगंगा गाउँपालिका वाड नं. ०१ बस्ने, यस बैंकको विराटनगर शाखाका खातावाला नारायण प्रसाद कोईरालाको मिति २०७७०७१४ मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ००६०१०६२८८६०००१२ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, इलाम जिल्ला सुम्वेक गा.वि.स वडा नं.०३ स्थायी ठेगाना भइ हाल मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वाड नं. ०३ बस्ने रिता कुमारी पोखरेलले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय :विराटनगर
फोन नं.०२१-४४०३५७, फ्याक्स : ०२१-४४०३५६

### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

देव नारायण लालको नाति राम जीवन लालको छोरा रागिनी कुमारी लालको पति महोत्तरी जिल्ला बथनाहा नगरपालिका वडा नं ०९ (साविक बथनाहा गा.वि.स वडा नं ०३) बस्ने यस बैंकको भैरहवा शाखाका खातावाला अमरेन्द्र कुमार लालको मिति २०७७/०६/१८ मा मृत्यू भएकाले यस बैकमा रहेको निजको बचत खाता नं ००९०१२५४५९००००१२ मा भएको रकम पाउ भनी निज खातावालाको पत्नी, महोत्तरी जिल्ला बथनाहा नगरपालिका वडा नं ०९ (साविक बथनाहा गा.वि.स वडा नं ०३) बस्ने रागिनी कुमारी लालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएमा भए त्यस्ता हकदारले यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदको निवेदन बमोनिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : भैरहवा
फोन नं.०७१-५२७३२३, फ्याक्स:०७१-५२२१६०

### शिवराज अटोरिक्सा समिति प्रा.लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदाबी गर्न आउने बारेको सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०४ मा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता भएको प्रा.लि. नं. १७५६३२/०७४/०७५ को शिवराज अटोरिक्सा समिति प्रा.लि. लाई खारेजी (लिक्वीडेसन) मा लैजने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०७७/०९/२९ गतेको बिशेष साधारण सभाले निर्णय गरेकाले यस कम्पनीले तिर्नु ब्यहार्नु पर्ने ऋण, धन एबं कोहि कसैको बाँकि बक्यौता लेनदेन आदी भएमा स-प्रमाण सहित हकदाबी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकाकरीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

लिक्वडेटर
सञ्जय कुमार शाह
ईजाजत पत्र नं. : ३९१

### बीमालेख हरायो

यस कम्पनीले जारी गरेको श्री निलम ओझा बीमालेख नं. ५०१०२६१७६ को बीमालेख मिति २०७६/१०/१५ मा हराएको हुँदा फेलापार्नुहुने महानुभावले निम्न लिखित ठेगानामा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नेपाल लाइफ इन्स्योरेन्स कं.लि.
शाखा कार्यालय काठमाण्डौं ।
फोन नं. ४१६९१२९, ४१६९१३०
पोष्ट बक्स नं. ११०३०

### नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
## सडक डिभिजन चौरजहारी, रुकुम (पश्चिम)

**सार्वजनिक सूचना !!**

प्रकाशित मिति : २०७७/१०/१३

यस कार्यालयको कार्यक्षेत्रअन्तर्गत भेरी कोरिडोर खदांग-त्रिवेणी सडकखण्डको कुच्चे भीर (त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५, डोल्पा जिल्ला) मा मिति २०७७/७/११ गतेदेखि लगातार रुपमा सुक्खा पहिरो गई सडक अवरुद्ध भएकोमा सा.ख. ऐन २०६३ दफा ६६ तथा सा.ख.नि. २०६४ नियम १४५ बमोजिम तपसिलको निर्माण व्यवसायीसँग सम्झौता गरी सडक मर्मत कार्य गरेबापत भुक्तानी दिएको र सोही नियमावलीको नियम १४५(३) अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि. नं. | निर्माण व्यवसायीको नाम | कार्यस्थल | भुक्तानी रकम (मू.अ.क. समेत) |
|---|---|---|---|
| १. | खैराबांग निर्माण सेवा, ठूली भेरी-३, डोल्पा | कुच्चे भीर, त्रिपुरासुन्दरी न.पा.-५, भेरी कोरिडोर, डोल्पा | ९,५९,०३१.०० |

डिभिजन प्रमुख

## टोखा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी काठमाडौं ।

**विद्युतीय बोलपत्र आह्वानको सूचना**

प्रकाशित मिति : २०७७/१०/१३ (Jan. 26, 2021)

यस कार्यालयको तपसिलबमोजिमको कार्यहरु विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www.tokhamun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

| ठेक्का नं. | खरिदसम्बन्धी विवरण | फारम दस्तुर (रु.) | जमानत रकम (रु.) | बोलपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | लागत अनुमान रु. (VAT / PS बाहेक) |
|---|---|---|---|---|---|---|---|
| 32/NCB/TM/W/2077-78 | CRS Dekhi Ganesh Shrestha ko Ghar Hudai Lord Buddha School Gate Samma ra Maniram Pokhrelko ghar Bata Hemraj Dhakal ko gharko chowk samma Dhal sathai Sadak Upagrade ra Sadak Kalopatre Ward 11 | ३,००० | १,३३,०००।- | १२० दिन | फागुन १३, २०७७ (Feb. 25, 2021) मध्यान्ह १२ बजे | फागुन १३, २०७७ (Feb. 25, 2021) दिनको १ बजे | ४७,२१,८५१/४१ |
| 33/NCB/TM/W/2077-78 | Mathilo Milan Tol ko Bato KIT College agadiko Bato ra Milan samaj Sadak Pakki Ward 08 | ३,००० | ६४,०००।- | १२० दिन | | | २२,६८,३६१/९९ |
| 34/NCB/TM/W/2077-78 | Myagdi Chowk dekhi Purbatarfa ko Bhitri Gaali,Club Chowk bata Paschim tarfako Dhara chowk, Sambhab tol ra Mangal tol ko Dhal, Pani ra Sadak Pakki Ward 09 | ३,००० | १,९८,०००।- | १२० दिन | | | ७१,२३,८४१/०० |